# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ढल्केवर, धनुषा
२ नं. प्रदेश, नेपाल

visit nepal 2020 Lifetime Experiences

पत्र संख्याः- शा.सु शाखा/०७७/०७८
चलानी नं.:-११९३

मिति :२०७८/०३/२९

बिषय : नविकरण सम्बन्धमा ।

श्री वडा सचिव ज्यू,
वडा कार्यालय, १ देखि ११ सम्म ।

उपरोक्त बिषयमा सामाजिक सुरक्षा अन्र्तगत भत्ता खाईपाई रहेका सम्पुर्ण लाभग्राहीहरुको आ.व. २०७८।०७९ का लागि प्रत्येक वडा कार्यालयवाट आ-आफ्नो वडाका सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई नविकरण गर्न वडा कार्यालयमा निवेदन दिनका लागि जानकारी गराउनु हुनका साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सवै लाभग्राहीहरुको समयमानै नबिकरण गर्नु हुन अनुरोध छ ।

बोधार्थ
श्री सुचना प्रविधि शाखा : वेवसाईडमा राखी दिनु हुन ।

....................
(रचिन्द्र डङ्गोल)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००११६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३३५८

मिति : २०७८/३/२७

विषयः सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी संदेशमूलक सामग्री सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा सामाजिक सुरक्षालाई व्यक्तिको मौलिक हकको रुपमा स्थापित गराउदै योग्य नागरिकहरु सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नबाट बञ्चित हुन नपर्ने अवस्थाको सुनिश्चित गर्न सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता नवीकरण बारे सूचित गराउने उद्येश्यले यस विभागद्धारा तयार गरिएको यसैसाथ संलग्न सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी चित्रसहितको संदेशमुलक सामग्री सबै स्थानीय तहले वेभसाईटको गृह पृष्ठमा (पप अप) राख्ने व्यवस्था गर्नुहुन र सोही बिषयमा तयार पारिएको यसै साथ संलग्न बमोजिमको एक मिनेटको "रेडियो सन्देश" सबै स्थानीय तहमा सञ्चालन भएका रेडियो मार्फत प्रशारण गराउने ब्यबस्था गर्नुहुन आदेशानुसार अनुरोध छ। साथै, रेडियो सन्देश प्रशारणका लागि सबै स्थानीय तहमा आवश्यक बजेट समेत यस विभागबाट निकासा भइसकेको ब्यहोरा जानकारीका लागि अनुरोध छ।

<u>संलग्न सामग्रीहरुः</u>

१. सम्बन्धित स्थानीय तहको वेभसाइटमा पप अप राख्ने प्रयोजनका लागि सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी चित्रसहितको संदेशमुलक सामग्री।
२. स्थानीय रेडियोबाट प्रशारण गर्ने प्रयोजनका लागि "रेडियो सन्देश" सामग्री।

२०७८/०३/२५

(मेघ राज शंकर)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

## रेडियो सन्देश
## समय: १ मिनेट
## प्रशारण: सबै स्थानीय तहमा संचालन भएका रेडियो मार्फत

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना**

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका जेष्ठ नागरिक, एकल महिला, अशक्त/अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाती र देशैभरका दलित समुदाय तथा क्षेत्र तोकिएका ५ वर्ष भन्दा कम उमेरका बालबालिकाले श्रावण १ देखि कार्तिक मसान्तसम्म अनिवार्य रुपमा परिचयपत्र नवीकरण गर्न अनुरोध गर्दछौ) ।

**याद गर्नुहोस् है**, नवीकरण गर्ने मिति: २०७८ साल श्रावण १ देखि कार्तिक मसान्तसम्म ।

सामाजिक सुरक्षा परिचयपत्र लिएर आफ्नो स्थायी ठेगाना रहेको वडामा लाभग्राही स्वयं वा संरक्षक/माथवरको उपस्थितीमा नाम नवीकरण गराउन सकिन्छ ।

यदि तोकिएको समयमा कसैले नवीकरण नगराएमा प्रणालीबाट नाम हट्ने छ । पुन: नयाँ लाभग्राहीका रुपमा नाम दर्ता गर्नु पर्नेछ र सो विचको अवधिको सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले नयाँ नामावलीमा सूचिकृत हुन समेत आफ्नो वडामा सम्पर्क गरौं ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र ______________________ पालिकाको अनुरोध ।